**नेपाल विद्युत प्राधिकरणका उपभोक्तावर्गहरुमा विद्युत महशुल भुक्तानी गर्ने सम्वन्धि सूचनाः**

२०७७ साल भाद्र महिनामा देशका अधिकांश स्थानहरुमा Covid-19 को संक्रमणले गर्दा लकडाउन भएकाले विद्युतको मिटररिडिंग तथा विलिंग समयमा हुन नसकि महशुल भुक्तानीका सम्दर्भमा उपभोक्ता वर्गमा अन्योल उत्पन्न भएको भन्ने वुझिन आएको छ । उपभोक्तावर्गको सुविधा तथा हितलाई ध्यानमा राखी २०७७ साल भाद्र महिनाको महशुल भुक्तानी गर्दा छुट तथा थप दस्तुर लाग्ने समय हेरफेर गरी २०७७ आश्विन २२ गते सम्म महशुल भुक्तानी गरेमा कुनै थप दस्तुर नलाग्ने र आश्विन २३ देखि ३० गते सम्म भुक्तानी गर्दा ५ प्रतिशत मात्र थप दस्तुर लाग्ने व्यवस्था गरिएकोले सवै उपभोक्तावर्गहरुको जानकारीको लागि यो सुचना प्रकाशीत गरिएको छ । २०७७ भाद्र महिनाको विद्युत महशुल भुक्तानी सम्वन्धि अन्य व्यवस्था तथा २०७७ आश्विन महिना देखिको नियमित महशुल भुक्तानी सम्वन्धि व्यवस्था विद्युत महशुल संकलन विनियमावली २०७७ मा तोकिए वमोजिम हुनेछ । कुनै उपभोक्ता महानुभावले २०७७ साल भाद्र महिनाको महशुल भुक्तानी गर्दा थप दस्तुर यस अघि तिरेको भए उक्त रकम आगामी विलमा समायोजन गरिने व्यहोरा समेत अनुरोध छ । विद्युत मिटर रिडिंग एवं महशुल संकलन सम्वन्धि सूचना तथा विनियमावली नेपाल विद्युत प्राधिकरणको website www.nea.org.np मा हेर्नु हुन समेत अनुरोध छ ।

नेपाल विद्युत प्राधिकरण
दरवारमार्ग काठमाडौं ।

सूचना

१. मिटर पढ्न वा जाँच गर्न आउनेलाई मिटर पढ्ने वा जाँच गर्ने मौका तुरुन्त दिनु पर्नेछ ।

२. ग्राहक नं. ०७-१४-१०१ छ भने मिटर रिडिंग गर्ने दिन कुन हो भनि यकिन गर्न ग्राहकहरुले आफ्नो ग्राहक नं. को वीचको अंक हेर्नु होला । माथिको उदाहरणमा बिचको अंक अर्थात १४ ले मिटर रिडिंग गर्ने दिन १४ गतेलाई जनाउदछ ।

३. ग्राहक स्वयंमले Self Meter Reading समेत Internet Browse गरि यस Link https://consumer.nea.org.np/ मा गई आफ्नो विवरण अद्यावधिक गरि Reading Posting गर्न सक्नेछन् वा ने.वि.प्रा.को हटलाइन ११५० मा फोन गरि आफ्नो रिडिंग अंक टिपाउन सक्नेछन् र तत् पश्चात ने.वि.प्रा.को विद्युत महशुल संकलन काउण्टरमा गै महशुल भुक्तानी गर्न सक्नेछन् ।

४. ग्राहकहरुले Online Payments को माध्यमवाट समेत आफ्नो खपत विवरण जानकारी लिई भुक्तानी गर्न सक्नेछन् ।

५. कुनै कारणवश विल प्राप्त नभएमा सम्वन्धित वितरण केन्द्रको कार्यालयमा सम्पर्क राखि अथवा स्वयं उपस्थित भई मिटर रिडिंग अंक टिपाई प्रतिलिपी विल लिई समयमा महशुल वुझाउन पर्नेछ ।

६. विद्युत नियमन आयोगको मिति २०७७।०३।०१ को निर्णयानुसार २०७७ श्रावण १ गतेको रिडिंग देखि लागु हुने गरि नया महशुल दर निर्धारण भए अनुसार ने.वि.प्रा. संचालक समतिको मिति २०७७।०३।३१ को ८३७ औं बैठकको निर्णय वमोजिम विद्युत महशुल संकलन विनियमावली, २०७७ जारी भएको छ । हालको विनियमावली पुरानो केही विनियमहरुमा संशोधन भएकाले सवै उपभोक्ताहरुलाइृ उक्त वमोजिम गर्न हुन अनुरोध छ । उक्त विनियमावली ने.वि.प्रा.को Website www.nea.org.np मा उपलव्ध छ ।

विनियमावली अनुसार महशुल वुझाउँदा पाइने छुट एवं थप दस्तुर सम्वन्धि मुख्य वुँदाहरु निम्नानुसार छन् ।

क. नेपाल सरकारले तोकेका औद्योगिक क्षेत्र भित्रका उपभोक्ताले मिटर रिडिंग गरेको ७ दिन भित्र महशुल वुझाएमा बिल रकमको १० प्रतिशत छुट दिइनेछ । मिटर रिडिंग गरेको ८ औं दिन देखि १५ औं दिन भित्र महशुल वुझाएमा बिल अनुसारको महशुल लाग्नेछ ।

ख. नेपाल सरकार अर्न्तगतका सरकारी अस्पताल तथा स्वास्थ्य चौकीहरु (आवास गृह वाहेक) लाई मिटर रिडिंग गरेको २१ दिन भित्र महशुल वुझाएमा बिल रकमको २० प्रतिशत रकम छुट दिईनेछ । मिटर रिडिंग गरेको २२ औं दिनमा महशुल वुझाएमा

विल अनुसारको महशुल लाग्नेछ । मिटर रिडिंग गरेको २३ औं दिन देखि ३० औं दिन भित्र महशुल वुझाएमा ५ प्रतिशत थप दस्तुर लाग्ने छ।

ग. माथि उल्लेखित "क" र "ख" अनुसार आकर्षित हुने उपभोक्ता वाहेकका अन्य सम्पुर्ण उपभोक्ताहरुले मिटर रिडिंग गरेको ७ दिन भित्र महशुल वुझाएमा २ प्रतिशत छुट दिइनेछ । मिटर रिडिंग गरेको ८ औं दिन देखि १५ औं दिन भित्र महशुल वुझाएमा बिल अनुसारको महशुल लाग्नेछ ।

घ. माथि "ख" मा उल्लेखित वाहेक अन्य वर्गका उपभोक्ताले मिटर रिडिंग गरेको १६ औं दिन देखि ३० औं दिन सम्म विद्युत महशुल वुझाएमा ५ प्रतिशत थप दस्तुर लाग्नेछ ।

ङ. सवै वर्गका उपभोक्ताले मिटर रिडिंग गरेको ३१ औं दिन देखि ४० औं दिन सम्म महशुल वुझाएमा १० प्रतिशत र मिटर रिडिंग गरेको ४० औं दिन पछि महशुल वुझाएमा २५ प्रतिशत थप दस्तुर लाग्नेछ ।

७. मिटर रिडिंग गरेको ६० औं दिनसम्म विद्युत महशुल नवुझाएमा विना सूचना जुनसुकै समयमा पनि विद्युत लाइन काटिने छ ।

८. कनेक्सन काटिएपछि वांकी महशुलको पुरा भुक्तानी सहित नियमानुार आकर्षित हुने डिस्कनेक्सन एवं रिकनेक्सन दस्तुर भुक्तानी पश्चात मात्र पुनः लाईन जोडिनेछ ।

९. चेकबाट भुक्तानी गर्दा सम्वन्धित वितरण केन्द्रको नाममा Good of Payment को चेक खिच्नु पर्नेछ ।

१०. ग्राहकले आफ्नो खपतको आधारमा अग्रिम भुक्तानी समेत गर्न सक्नेछन् र प्राधिकरणले उक्त रकममा नियमानुसार आकर्षित हुने छुट सुविधासमेत उपलव्ध गराउनेछ ।

११. ने.वि.प्रा.ले तोकेको मिति (दिन) भित्र भुक्तानी गरी छुट सुविधा लिनु हुन साथै समयमै भुक्तानी गरी जरिवानाबाट आकर्षित हुन नदिन समेत अनुरोध गरिन्छ ।